# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७८/७९

च. नं. ............

## सुदूरपश्चिम प्रदेश मन्त्रालयहरुका सचिवहरुसंगको अन्तरकृया कार्यक्रमको

## प्रेस विज्ञप्ति

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्ग आज सुदुरपश्चिम प्रदेश मूख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा आयोजित प्रदेश सरकारका मन्त्रालयका सचिवहरुसंगको अन्तरकृयामा सहभागि हुनुभयो । उक्त कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख आयुक्त गुरुङ्गले सूचना अधिकारी तोक्ने तथा स्वत प्रकाशन गर्ने विषयमा मन्त्रालयका वेवसाइट अपडेट नभएको हुंदा अपडेट गर्ने, स्वत प्रकाशन नियमित रुपमा गर्ने, सूचना माग भएको, उपलव्ध गराएको विवरण राख्न, सूचना दिने वातावरण बनाउन निर्देशन दिनु भयो । सूचना जुनसुकै विषयमा माग्न पाईने नागरिकको मौलिक हकमा शंका वा अवरोध नगर्न र सूचना अधिकारीलाई सक्षम बनाउन छुट्टै वजेट व्यवस्था गर्ने गराउन पनि अनुरोध गर्नु भयो । उक्त अवसरमा प्रमुख सचिव श्री मधुसुदन बुर्लाकोटीले वेवसाइट अपडेट गरी जानकारी दिन सूचना उपलव्ध गराउन सवै सचिवहरुलाई निर्देशन दिनु भयो । छलफलको क्रममा सवै मन्तालयका सविचहरुको उपस्थिति रहेको थियो सबैले आआफ्नो मन्त्रालयको अवस्थाका वारेमा जानकारी गराउनु भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ मंसिर ५ गते आइतबार


फोन नं: ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्स: ०१४४९६५४५, ईमेल: info@nic.gov.np वेबसाईट: www.nic.gov.np